१६ अर्ब ९६ करोड खर्च

# भेरी–बबई डाइभर्सनको प्रगति ८३ प्रतिशत



**हेमन्त केसी**

वीरेन्द्रनगर- भेरी नदीको पानी बबईमा खसालेर बाँके र बर्दियामा सिँचाइ पुऱ्याउने लक्ष्यका साथ निर्माण भइरहेको राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको भेरी-बबई डाइभर्सन आयोजनाको प्रगति ८३ दशमलव ७ प्रतिशत छ । सुर्खेतको भेरीगंगा नगरपालिका-११ स्थित चिप्लेस्थित भेरी नदीमा बाँध बाँधेर १२.२ किलोमिटर सुरुङमार्फत भेरीको पानी सुर्खेत र बर्दियाको सिमानास्थित बबई नदीमा खसाल्न लागिएको योजनाको वित्तीय प्रगति ११६ दशमलव ९३ प्रतिशत रहेको हो ।

४६ मेगावाट विद्युत उत्पादनसहित बाँके र बर्दियाको करिब ५१ हजार जमिनमा सिँचाइ सुविधा पुऱ्याइनेछ । ३३ अर्ब १९ करोड ६६ लाख लागत अनुमान गरिएको आयोजनामा अहिलेसम्म १६ अर्ब ९६ करोड रुपैयाँ खर्च भएको छ । बाँधस्थल चिप्लेमा बाँधका ६ वटा 'वे' मध्ये २ वटाको ढलान, ग्राभल ट्रिप, फारवे, लिफ्ट वाललगायतका संरचनाको निर्माण सकिएको छ ।

सर्ज साफ्ट निर्माणस्थलमा स्लोभ स्टभबिलाइजेसन गर्ने कार्य सम्पन्न भई साफ्ट खन्न ग्रान्टी क्रेन राखेर कलर बिम ढलान भई साफ्ट खन्न सुरु भएको आयोजनाका सूचना अधिकारी पवन अधिकारीले जानकारी दिए । 'पावर हाउस निर्माणस्थलमा उल्खननूको काम करिब ९५ प्रतिशत सम्पन्न भएको छ,' उनले भने, 'कोफर्डम निर्माण गरी बाटो डाइभर्सन गरिएको छ ।' आयोजनास्थलका स्लिपवेको वे एक र दुईको स्टिल लाइनको काम सम्पन्न भई हाइड्रोमेकानिकल सम्बन्धी अधिकाश डिजाइन स्वीकृतिको चरणमा रहेको सूचना अधिकारी बताउँछन् ।

'तीनवटा ड्राफ्ट ट्युव फिल्डमा आइसकेको छ,' उनले भने, 'इलेक्ट्रोमेकानिकल सम्बन्धी ट्रान्सफर्मर-३, ट्वाइन रनर एकलगायतका सामान पनि आइसकेका छन् ।' विद्युत प्रसारण लाइनसम्बन्धी सम्झौता भइसकेको र विद्युत लाइनसम्बन्धी अध्ययन तथा ईआईए अध्ययनको सम्झौता भइसकेको उनले बताए ।

आयोजनालाई चाहिने ३३ हेक्टर जग्गामध्ये गत आर्थिक वर्षमा १०.५९ हेक्टर जग्गा प्राप्तिका लागि सूचना प्रकाशन भई जग्गाको स्वामित्व एकिन गर्ने कामसमेत सम्पन्न भएको छ । ६.५३ हेक्टर जग्गाको मुआब्जा रकम भुक्तानी भएको र बाँकी प्रक्रियामा छ । स्थानीयले पटक-पटक स्थानीयस्तरमा सिर्जना हुने अवरोधका कारण आयोजनाले गति लिन नसकेको आयोजनाले जनाएको छ । छुट भएका ऐलानी जग्गा तथा उक्त जग्गामा निर्मित संरचनाको क्षतिपूर्तिका सम्बन्धमा स्थानीयबाट आयोजनामा निवेदन पेस भई प्रक्रिया अघि बढेको छ । ऐलानी जग्गा प्राप्तिका सन्दर्भमा स्पष्ट नीति तथा कार्यविधिको अभाव रहनुका साथै ऐलानी जग्गाको स्वामित्व परिवर्तनले प्रक्रियागत जटिलता थपिने गरेको अधिकारीले बताए ।

आयोजनामा कार्यरत कर्मचारीको उत्प्रेरणा जगाउने कारकको अवलम्बन र मनोबल बढाउने वृत्ति विकास, उचित तालिमको व्यवस्थापनमा ध्यान नपुगेको आयोजनाले जनाएको छ । पावर हाउस निर्माण हुने बबईको बायाँ किनारा बस्तीबाट निर्माणस्थलमा भएको अवरोध फुकाउन केही भूभागमा हाल कायम सिभिल निर्माण कार्यको ठेक्काबाट तथा अन्य भूभागमा नयाँ ठेक्काबाट निर्माण कार्य अगाडि बढाई स्थानीयवासीको माग सम्बोधन गरिएको छ ।

निर्माण व्यवसायीलाई आवश्यक दक्ष जनशक्ति, यन्त्र उपकरण तथा निर्माण सामग्री लगायतको उचित व्यवस्थापनमा जोड एवं निर्देशनका साथै आवश्यक समन्वय गरिएको उनको भनाइ छ । जग्गा प्राप्ति प्रक्रियामा विभिन्न समस्या आउने गरे तापनि सहजीकरण गर्न स्थानीय प्रशासनलगायत सम्बन्धित निकायसँग समन्वय गर्दै आयोजना अघि बढिरहेको छ । ऐलानी जग्गाको हकमा पेस भएको प्रस्ताव स्वीकृत भएको र हाल कार्यान्वयनको चरणमा रहेको आयोजनाले जनाएको छ ।

सरकारले आर्थिक वर्ष २०६८/०६९ देखि सुरु गर्ने भनिएको आयोजना २०७१/०७२ मा मात्र सुरु भएको थियो । पहिलो चरणमा २०७६ चैत १५ सम्म सुरुङ निर्माण गर्ने गरी चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप (कोभेक) लाई जिम्मा दिएको थियो । तर, कम्पनीले करिब १२.२ किलोमिटर लामो सुरुङ आफूलाई दिएको म्यादअघि नै सम्पन्न गरेको थियो । ३ वैशाख २०७६ मा प्रधानमन्त्री केपी शर्मा ओलीले सुर्खेतको भेरीगंगा-११ स्थित चिप्लेमा १२ किलोमिटर सुरुङको 'ब्रेक थ्रु' गरेका थिए ।

अत्याधुनिक प्रविधिको प्रयोगमार्फत तोकिएको मितिभन्दा एक वर्षअगावै सुरुङको ब्रेक थ्रु भएर चर्चा कमाएको आयोजनाको दोस्रो चरणको काम भने धिमा गतिमा चलिरहेको छ । आयोजनाका लागि चालु आर्थिक वर्षका लागि एक अर्ब ७७ करोड छुट्याइएकोमा हालसम्म ४६ करोड रुपैयाँमात्र खर्च भएको आयोजनाका प्रमुख रणबहादुर बमले बताए । अहिलेसम्म आयोजनामा ६६ प्रतिशत भौतिक प्रगति भएको छ ।

आयोजनास्थलमा दैनिक १५० जनाले काम गरिरहेको उनले जानकारी दिए । २० कात्तिक २०७४ देखि सुरु भएको सुरुङ निर्माणको काम १५ चैत २०७६ मा सक्ने सम्झौता थियो । यद्यपि, नेपालमा पहिलो पटक प्रयोगमा ल्याइएको टनेल बोरिङ मेसिन (टीबीएम) को सहायताले एक वर्षअगावै सुरुङ निर्माण सम्पन्न भएको थियो । आयोजना निर्माण सम्पन्न भने आर्थिक वर्ष २०८४/०८५ मा सकिने छ ।

घुमाउने पुल निर्माण

# १० वर्षमा ३० प्रतिशतमात्रै भौतिक प्रगति

तनहुँ (रासस)- चितवन र तनहुँ जोड्ने घुमाउनेस्थित त्रिशूली नदीमाथि निर्माणाधीन मोटरेबल पुलको १० वर्षको अवधिमा ३० प्रतिशतमात्रै भौतिक प्रगति भएको छ ।

विसं २०७१ असारमा तीन वर्षभित्र सम्पन्न गर्नेगरी सम्झौता भएको पुलको फाउन्डेसनकै चरणमा छ । अहिलेसम्म दुईतिरको भागमा पिल्लर मात्रै ठडिएको छ । पुल निर्माण नहुँदा गण्डकी प्रदेशको राजधानी पोखरालाई तराईसँग पृथ्वीराजमार्गको विकल्पका रूपमा जोड्ने छोटो दूरीको मार्ग सञ्चालनमा ल्याउन पाइएको छैन ।

सडक डिभिजन कार्यालयको सम्झौताअनुसार काम नभए निर्माण कम्पनीलाई कालोसूचीमा राख्न पटक-पटक माग गर्दै आए पनि खुरूखुरू म्याद थप गर्दै काम भएको बुद्धसिंह मार्ग पुल निर्माण संघर्ष समितिका अध्यक्ष सिद्धान्त थापाले बताए ।

पुल निर्माणमा दबाब दिने उद्देश्यले गठित संघर्ष समितिले उक्त घुमाउनेको पुलको निर्माणकार्य अघि बढाउन पटक-पटक माग गर्दै आएका छन् । त्रिशूली नदीमाथि निर्माण भइरहेको पुल १० वर्षसम्म पनि पूरा नहुनु र अन्य चार खोलामा पुल नहुँदा आवतजावतलाई समस्या भएकाले स्थानीय आन्दोलित हुनुपरेको अध्यक्ष थापाले बताए ।

डिजाइन एन्ड विल्डरका आधारमा ठेकेदार कम्पनीले नै तयार गरेको डिजाइनअनुसार पुल एक सय पाँच मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहनेछ । आधुनिक 'आर्क' डिजाइनमा बन्ने पुलको लागत आठ करोड २६ लाख रहेको छ ।

दोहोरो लेनको पुलमा ७ दशमलव ५ मिटर गाडी गुड्ने भाग रहने डिजाइनमा उल्लेख छ । हेडौंडास्थित मृत सञ्जीवनी निर्माण कम्पनीसँग सम्झौता भएको सडक डिभिजन कार्यालय दमौलीका प्रमुख सिनियर डिभिजन इन्जिनियर राजीव श्रेष्ठले बताए ।

'पुलको डिजाइन परिवर्तन गर्न लागिएकाले अहिले पुल निर्माणको काम रोकिएको छ,' उनले भने, 'अहिलेको डिजाइनबाट बाढीले क्षति हुने देखिएकाले राज्यको लगानी खेर नजाओस् भनेर परिवर्तन गर्न लागिएको हो ।'

पूर्वमन्त्री तथा तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य शंकर भण्डारीले बुद्धसिंह मार्गमा पर्ने घुमाउनेको पुल निर्माण कार्यलाई गति दिन निर्देशन दिएका छन् । निर्माण व्यवसायीको चरम लापरबाहीले गर्दा ठेक्का सम्झौताको १० वर्ष पूरा हुँदा पनि पुल निर्माण अधुरो भएपछि भण्डारीले निर्देशन दिएका हुन् ।

सांसद भण्डारीले पुल महाशाखाका प्रमुख सिनियर इन्जिनियर ललिजन खनाल र सडक डिभिजन कार्यालय दमौलीका प्रमुख राजीव श्रेष्ठलाई फोन गरी काम तत्काल सुरू गर्न निर्देशन दिएका हुन् ।

निर्धारित समयमा उत्कृष्ट रूपले सम्पन्न गर्न केही नीतिगत र कानुनी समस्या छन् भने त्यसको समाधानका लागि सरकारसमक्ष पुऱ्याएर समाधान गर्न आफू तयार रहेको सांसद भण्डारीले बताए । सम्झौता भएको लामो समयसम्म पनि पुलले गति लिन नसक्दा यात्रुलाई सास्ती हुनुका साथै इन्धनमा हुने खर्च कटौती हुन सकेको छैन ।

# बेनीमा चक्रपथ स्तरोन्नति सुरु

म्याग्दी (रासस)- जिल्ला सदरमुकाम बेनी बजारमा चक्रपथ स्तरोन्नति योजना सुरु भएको छ । बेनी नगरपालिका-८ कालीपुलदेखि वडा नम्बर ७ मा रहेको दरवाङ बसपार्क जोड्ने कालिगण्डकी र म्याग्दी नदी किनारको सडक स्तरोन्नति गर्न थालिएको हो ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङसँग तीन करोड १९ लाखमा ठेक्का सम्झौता गरेको विकेश-दुप्चेश्वर-सुभम जेभीले पहिलो चरणमा नाली निर्माणको काम थालेको छ । योजनामार्फत नौ सय मिटर सडकको कुनातर्फ टेवा पर्खाल, नाली, डिलमा रेलिङ निर्माण गरी पाँचदेखि छ मिटर चौडाइका दरले ढलान गरिने आयोजना कार्यालयका इन्जिनियर वीरवल सुनारले जानकारी दिए ।

बेनी बजारलाई कालिगण्डकी र म्याग्दी नदीको कटान नियन्त्रणका लागि निर्माण भएको पक्कि पर्खाल पछाडिको भागमा माटो फिलिङ गरेर बनाइएको सडकलाई स्तरोन्नति गर्न लागिएको हो । नेपाल सरकारले अगाडि बढाएको १० वटा नमुना नगरपालिका कार्यक्रमअन्तर्गत नगरपालिकाले बेनी चक्रपथ स्तरोन्नति योजना प्रस्ताव गरेअनुसार बजेट विनियोजन भएर योजना अघि बढेको नगरप्रमुख सुरत केसीले बताए ।

'चक्रपथ स्तरोन्नति भएपछि ठूला सवारीसाधनलाई चक्रपथबाट आवतजावत गर्न सहज हुनेछ,' उनले भने, 'हाल चक्रपथबाट उडेको धुलो बजारमा आएर प्रदूषण हुने समस्या पनि स्तरोन्नति भएपछि समाधान हुनेछ ।' बेनी बजारभित्रको सडकमा सवारी चाप घटाउनका लागि चक्रपथबाट मालबाहक र बजारभित्र रोक्नु नपर्ने सवारीसाधनलाई सञ्चालनको व्यवस्था मिलाइएको छ ।

चक्रपथ स्तरोन्नति निर्माण सम्पन्न भएपछि सडक छेउछाउमा फूल रोप्ने र विद्युतीकरण गरेर सौन्दर्यकरण गर्ने योजना रहेको बेनी-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले बताए । तीन वर्षे योजनाअन्तर्गत आर्थिक वर्ष २०८२/०८३ का लागि दरवाङ बसपार्क ढलान र २०८३/०८४ मा उक्त बसपार्कमा टर्मिनल भवन निर्माण गर्न सहरी विकास मन्त्रालयलाई प्रस्ताव गरिएको छ । पर्याप्त मजदुर र उपकरण परिचालन गरेर निर्धारित समयभित्र नै योजना सम्पन्न गरिने निर्माण कम्पनीका प्रतिनिधि सुवासचन्द्र कार्कीले बताए ।

# चन्दा संकलन गरी पदमार्ग निर्माण

पर्वत (रासस)- कुश्मा नगरपालिका-३ आम्बोटबासी चन्दा संकलन गरी पदमार्ग निर्माण गरेका छन् । राजमार्गभन्दा झण्डै पाँच सय मिटरमाथि जंगलमा रहेको आम्बोट आधारभूत विद्यालयसम्म जाने बाटो नभएपछि स्वदेश तथा विदेशमा रहेका व्यक्तिले चन्दा संकलन गरेर पदमार्ग निर्माण गरेका हुन् । पदमार्ग निर्माणका लागि ११ लाख संकलन भएको उक्त विद्यालयका प्रधानाध्यापक मीना गुरुङले बताइन् ।

अंग्रेजी माध्यममा शिशुदेखि तीन कक्षासम्म पढाइ हुने विद्यालयसम्म पुग्नका लागि पदमार्ग निर्माण गर्नुपरेको उनले बताइन् । विद्यालयमा अहिले ३१ जना विद्यार्थी अध्ययनरत छन् ।

विसं २०५२ मा समाजसेवी खड्कबहादुर गुरुङको पहलमा विद्यालय स्थापना भएको थियो । तत्कालीन समयमा पोखरा-बागलुङ सडक खुलेपछि साविक दुर्लुङ र बाजुङ गाविसमा पर्ने निम्ने, कथुरे, ह्यार्दी, भारती, भुम, ओखलढुंगालगायत गाउँबाट अम्बोटमा बसाइँसराइ आउनेले चन्दा संकलन गरेर विद्यालय खोलेका थिए ।

बालबालिकाको पढाइमा समस्या हुने देखेर तत्कालीन समयमा आफ्ना बुबाले विद्यालय सञ्चालनमा ल्याएको प्रधानाध्यापक गुरुङले बताइन् । पदमार्ग निर्माणका लागि विद्यालयले गत असोजमा चन्दा संकलन अभियान थालेको थियो । गाउँका देश तथा विदेशमा बस्ने १०४ जनाबाट ११ लाख ४६ हजार सहयोग प्राप्त भएको थियो ।

उक्त रकमले विद्यालयसम्म पुग्ने फलामे रेलिङसहित ३०० मिटर ढलान गरेर सिँढी काटो निर्माण गरिएको छ भने बाँकी रकमबाट विद्यालय परिसरमा फलामको पिलर राखेर सिमेन्टको ढलान गरी सानो खेलमैदान निर्माण गरिएको छ ।

विद्यालयमा दुईदेखि आठ वर्ष उमेर समूहका विद्यार्थी पढ्न जाने गरेको प्रधानाध्यापक गुरुङले बताइन् । विद्यालयसम्म जाने सहज बाटो नहुँदा सानो उमेरका विद्यार्थी ढुङ्गा र गेग्रानसहितको अप्ठ्यारो बाटोमा हिँड्नुपर्ने बाध्यता रहेको थियो । विद्यालयमा हाल खानेपानी र बिजुलीको अभाव रहेको प्रअ गुरुङले बताइन् ।

# कोल्ड स्टोर सञ्चालनमा नआउँदा किसान मर्कामा

बैतडी (रासस)- बैतडीमा शीतभण्डार (कोल्ड स्टोर) सञ्चालनमा नआउँदा किसान मर्कामा परेका छन् । जिल्लाको पाटन नगरपालिका-८ खोडपे बजारमा निर्माण गरिएको कोल्ड स्टोर सञ्चालनमा नआउँदा किसान मर्कामा परेका हुन् ।

दुई वर्षअघि निर्माणसम्पन्न भएको १० मेट्रिक टन क्षमताको कोल्ड स्टोर सञ्चालनमा नआउँदा तरकारी भण्डारणका लागि समस्या भएको पाटन-८ का कृषक भरत चन्दले बताए । पाटन वडा नं ८, ९ र १० तरकारी उत्पादनका लागि पकेट क्षेत्र हुन् । यहाँ उत्पादन भएका तरकारी उपजले बजार नपाएका बेला भण्डारण गरी राख्न कोल्ड स्टोर निर्माण गरिएको भए पनि सञ्चालनमा चासो नदेखाउँदा समस्या भएको उनले जानकारी दिए ।

अहिले यहाँका किसान तरकारी तथा बीउ भण्डारणका लागि डडेल्धुरा जाने गरेका छन् । 'डडेल्धुरामा त्यहींका किसानलाई प्राथमिकता हुन्छ, उत्पादन कम भएका बेलामात्रै हामी आलुको बीउ भण्डारण गर्न पाउँछौं,' चन्दले भने, 'गत वर्ष भण्डारणमा समस्या भएको थियो ।'

घरनजिकै कोल्ड स्टोरका लागि भौतिक निर्माण गरिएको भए पनि सञ्चालनमा नआउँदा डडेल्धुरा तरकारी स्टोरका लागि लैजानुपर्ने समस्या भएको अर्का कृषक गगनसिंह विष्टले बताए । 'आलु, बन्दा, रायोलगायतका तरकारीका लागि पकेट क्षेत्र हो, दुई वर्षअघि नै यसकै लागि भनेर कोल्ड स्टोर निर्माण गरिएको थियो,' विष्टले भने, 'सञ्चालनमा नआउँदा समस्या भएको भइरहेको छ ।'

प्रदेश सरकार, कृषि ज्ञान केन्द्र र जिल्ला प्रशासनलाई कोल्ड स्टोर सञ्चालनका लागि पटक-पटक माग गर्दै आएको भए पनि सञ्चालन आउन नसकेको पाटन-८ का वडाध्यक्ष हरिश विष्टले बताए । किसानलाई डडेल्धुरासम्म ढुवानी नै बढी पर्ने गरेको वडाध्यक्ष विष्टले बताए । सोमबार सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री वीरबहादुर थापाले उक्त कोल्ड स्टोर निरीक्षण गरेका थिए । मन्त्री थापासँग यहाँका किसानले कोल्ड स्टोर सञ्चालन ल्याउन पहल गरिदिन माग गरेका थिए ।

'प्रदेशभरि नै कोल्ड स्टोर, तरकारी संकलन केन्द्रका लागि थुप्रै संरचना निर्माण भए पनि प्रयोगमा आउन सकेका छैनन्,' उनले भने, 'ती संरचना निर्माण गर्दा सम्भाव्यता तथा प्रभावकारिताको अध्ययन हुनु जरुरी छ ।' कोल्ड स्टोरका लागि प्रदेशबाट बजेट विनियोजन हुने तर निर्माण कार्य सम्पन्न नहुँदै अलपत्र हुने गरेको छ । तरकारी संकलन केन्द्र तथा कोल्ड स्टोर सञ्चालनका लागि स्पष्ट मोडालिटी नबन्दा समस्या भइरहेको मन्त्री थापाको भनाइ थियो । यहाँका किसानले कोल्ड स्टोर सञ्चालनसँगै तरकारी संकलन केन्द्रको मागसमेत गरेका थिए ।

# पाँच वर्षमा पनि पुल निर्माण थालिएन

म्याग्दी (रासस)- मालिका गाउँपालिका-५ र धवलागिरि गाउँपालिका-७ नम्बर वडाको सिमाना भएर बग्ने दाङखोलामा १८ मिटर लामो पुल निर्माण गर्न सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि काम सुरु भएको छैन ।

धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीका अनुसार २०७८ साल जेठ ८ गते सम्पन्न हुनुपर्ने पुलको निर्माण सुरु नभएको हो । विसं २०७५ मा दाङखोलामा धवलागिरि गाउँपालिकाले निर्माण गरेको अस्थायी पुल जीर्ण भएको र नयाँ पुल निर्माण नहुँदा गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवागमनमा समस्या भएको छ ।

पुल निर्माणस्थल म्याग्दीखोला जलविद्युत आयोजनाको यसअघि प्रस्तावित बाँध निर्माणस्थलमा पर्दा सम्झौतालगत्तै कार्यक्षेत्रमा परिचालित निर्माण व्यवसायीले काम गर्न नपाउनु, २०७७ सालको बाढीले निर्माणस्थलमा क्षति पुगेपछि पुलको दूरी बढाउनुपर्ने अवस्था आउनु र परिवर्तित परिस्थितिअनुसार बढेको लागत उपलब्ध गराउन सम्बन्धित निकायसँग समझदारी नहुँदा निर्माण व्यवसायी न्यायिक निरुपणका निम्ति अदालत गएपछि पुल निर्माण प्रभावित भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । निर्माणको काम सुरु नै नभएपछि कार्यालयले ठेकेदारलाई पेश्कीस्वरुप प्रदान गरेको ३३ लाख धरौटीबाट फिर्ता लिएको छ ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २१ गते बिहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : दलदले शाखा** **कर्जा शीर्षक : महिला उद्यमशिल कर्जा**

**ऋणीको विवरण**

नाम : **श्रेष्ठ फलफुल एण्ड कोल्ड स्टोर** प्रोप्राइटरको नाम : शोभा श्रेष्ठ प्रा.फ.द.नं. : २३८१/०७८/०७९
दर्ता मिति : २०७८/०५/२७
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.पु), नवलपुर
स्थायी लेखा नं. : १२२७०९०९० रजिष्टर्ड ठेगाना : नवलपरासी (ब.सु.पु) जिल्ला कावासोती न.पा. ११

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) आसाकाजी डंगोलको छोरी श्याम बहादुर श्रेष्ठको बुहारी राज कुमार श्रेष्ठको पत्नी नवलपरासी जिल्ला पिठौली वडा नं. ७ हाल, नवलपरासी (ब.सु.पु.) जिल्ला कावासोती न.पा. वडा नं. ११ बस्ने **शोभा श्रेष्ठ** (ना.प्र.नं. : ५७५७४/२८६८ जारी मिति र जिल्ला :२०५५/०७/२२, नवलपरासी)

२) कृष्ण बहादुर श्रेष्ठको नाति श्याम बहादुर श्रेष्ठको छोरा नवलपरासी जिल्ला पिठौली वडा नं. ७ हाल, नवलपरासी (ब.सु.पु.) जिल्ला कावासोती न.पा. वडा नं. ११ बस्ने **राज कुमार श्रेष्ठ** (ना.प्र.नं. : २५९७१ जारी मिति र जिल्ला : २०५९/०१/०४, नवलपरासी)

३) कुल बहादुर श्रेष्ठको छोरी श्याम बहादुर श्रेष्ठको बुहारी यम कुमार श्रेष्ठको पत्नी नवलपरासी जिल्ला पिठौली वडा नं. ७ हाल, नवलपरासी (ब.सु.पु.) जिल्ला कावासोती न.पा. वडा नं. ११ बस्ने **पार्वती श्रेष्ठ** (ना.प्र.नं. : ३६-२-०१५/२० जारी मिति र जिल्ला : २०६४/०१/१०, नवलपरासी)

**२) शाखा कार्यालय : दलदले शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

नेत्र बहादुर सार्कीको नाति नर बहादुर सार्कीको छोरा नवलपरासी जिल्ला रजहर वडा नं. ३ हाल, नवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा. वडा नं. १७ बस्ने **वेल बहादुर नेपाली** (ना.प्र.नं. : ३६२००८/२१ जारी मिति र जिल्ला : २०६३/१२/११, नवलपरासी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) डिल बहादुर सार्कीको छोरी नर बहादुर सार्कीको बुहारी वेल बहादुर नेपालीको पत्नी नवलपरासी जिल्ला रजहर वडा नं. ३ हाल, नवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा. वडा नं. १७ बस्ने **झुमकला नेपाली** (ना.प्र.नं. : ३६२००८/८८७ जारी मिति र जिल्ला :२०६७/१०/१२, नवलपरासी)

२) चुडामणी सार्कीको नाति कर्ण बहादुर सार्कीको छोरा नवलपरासी जिल्ला रजहर वडा नं. ३ हाल, नवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा. वडा नं. १७ बस्ने **मन बहादुर सार्की** (ना.प्र.नं. : २४४१४ जारी मिति र जिल्ला : २०५८/०९/२५, नवलपरासी)

**३) शाखा कार्यालय : मनहरी शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

धन सिं तमाङको छोरी सुमन प्रजाको बुहारी सचिन प्रजाको पत्नी मकवानपुर जिल्ला मनहरी वडा नं. ३ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **सोनु प्रजा** (ना.प्र.नं. : ३१३०१९/६३३ जारी मिति र जिल्ला : २०६३/११/०३, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) अमर बहादुर प्रजाको नाति सुमन प्रजाको छोरा मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं. ३ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **सचिन प्रजा** (ना.प्र.नं. : १७/१३२०१ जारी मिति र जिल्ला : २०६१/०१/०७, मकवानपुर)

२) अम्बर बहादुर प्रजाको छोरी आनो प्रजाको बुहारी आमस प्रजाको पत्नी मकवानपुर जिल्ला मनहरी वडा नं. ३ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **तुलसी माया प्रजा** (ना.प्र.नं. : ३०/१०१३ जारी मिति र जिल्ला : २०५८/०२/३२, मकवानपुर)

**४) शाखा कार्यालय : मनहरी शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

भक्त बहादुर स्याङयोको मंगले थिङको बुहारी थिरेन्द्र थिङको पत्नी मकवानपुर जिल्ला भार्ता वडा नं. ७ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **अनिता स्याङबो** (ना.प्र.नं. : ३११०४१/८७२२२ जारी मिति र जिल्ला : २०६८/०४/२७, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) काली बहादुर थिङको नाति मंगले थिङको छोरा मकवानपुर जिल्ला राक्सीराङ वडा नं. ५ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **थिरेन्द्र थिङ** (ना.प्र.नं. : ३१३०१७/७८ जारी मिति र जिल्ला : २०७०/०२/०१, मकवानपुर)

२) हरि प्रसाद अधिकारीको छोरी लोक बहादुर ढुङगानाको बुहारी गोपाल ढुङगानाको पत्नी बारा जिल्ला निजगढ वडा नं. १ हाल, मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ९ बस्ने **अप्सरा अधिकारी** (ना.प्र.नं. : ५८१/०५८१ जारी मिति र जिल्ला : २०६०/०९/२०, बारा)

**५) शाखा कार्यालय : मनहरी शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

इन्द्र बहादुर तामाङको नातिनी हिरामान तामाङको छोरी मकवानपुर जिल्ला मनहरी वडा नं. ८ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **शान्ति तामाङग** (ना.प्र.नं. : ३१-०१-७२-००६५५ जारी मिति र जिल्ला : २०७२/०१/३० , मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

इन्द्र बहादुर तामाङको नाति हिरामान तामाङको छोरा मकवानपुर जिल्ला मनहरी वडा नं. ६ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **समशेर तामाङ** (ना.प्र.नं. : ३१३०१९/५२१ जारी मिति र जिल्ला : २०६३/११/०२, मकवानपुर)

**६) शाखा कार्यालय : मनहरी शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

इन्द्र बहादुर तामाङको नाति हिरा मान तामाङको छोरा मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं. ६ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **समिर तमाङ** (ना.प्र.नं. : ३१३०१९/५२० जारी मिति र जिल्ला : २०६३/११/०२ , मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) इन्द्र बहादुर तामाङको नाति हिरामान तामाङको छोरा मकवानपुर जिल्ला मनहरी वडा नं. ६ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **समशेर तामाङ** (ना.प्र.नं. : ३१३०१९/५२१ जारी मिति र जिल्ला : २०६३/११/०२, मकवानपुर)

२) पुस्कर दोङको नाति प्रकाश दोङको छोरा मकवानपुर जिल्ला मनहरी वडा नं. ८ हाल, मनहरी गा.पा. वडा नं. ९ बस्ने **विश्वास लामा दोङ** (ना.प्र.नं. : ३१-०१-७१-०२५१५ जारी मिति र जिल्ला : २०७१/०३/०२, मकवानपुर)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ